"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## हात्तीगौडा,काठमाडौं

## बागमती, प्रदेश, नेपाल

मिति : २०७८/०५/०२

## विज्ञप्ति

यस नगरपालिकाका पूर्वाधार विकास शाखामा कार्यरत सब-इन्जिनियर विनोद कुमार पौडेल मिति २०७८/०४/२२ का दिन नगरपालिका परिसर बाहिर वडा नं. ६ को एक होटलमा कुनै सेवाग्राहीबाट नगद रकम लिदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीबाट पक्राउ गरी अख्तियार दुरुपयोग ऐन, २०४८ को दफा १९ को उपदफा (३) बमोजिम आवश्यक कानुनी कारबाहीको लागि अघि बढाईएको जानकारी मिति २०७८/०४/२५ मा प्राप्त पत्रबाट अवगत भएको र पत्रमा निज कर्मचारीं माथि अनुसन्धान कार्य जारी रहेको अवस्थामा सम्बन्धित कार्यालयले सेवामा निलम्बन गर्नु भने बमोजिम निलम्बन गरिएको जानकारी गराइन्छ ।

यस नगरपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार दैनिक प्रदान गर्दै आएका सेवा प्रवाह सम्बन्धी सम्पूर्ण कार्यहरु विना आग्रह पूर्वाग्रह सहज र पारदर्शी तरिकाबाट आम सेवाग्राहीलाई प्रदान गर्नु मुख्य उद्देश्य र कर्तव्य ठानी "पारदर्शी प्रशासन जनतालाई सुशासन"को मर्म र भावना अनुरुप जनप्रतिनिधि, राष्टसेवक कर्मचारी तथा सम्बन्धीत सबै पक्षहरुबाट पालना हुने विश्वास लिइएको छ ।

साथै नगरपालिकाबाट जनताहरुको काम र सेवा गर्ने शपथ लिई जिम्मेवारी पाएका जिम्मेवारी व्यक्तिहरुबाट यदा कदा हुने कुनै कमजोरी र गलत कार्यबाट आफूलाई अलग राखी व्यक्तिगत र संस्थागत कर्तव्य पूरा गर्न कदापी विचलित नभई इमान्दारी तथा निष्ठापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्न निरन्तर कटिबद्ध भएर कर्तव्यपूरा गर्नुहुने अपेक्षा गरिएको छ ।

धन्यवाद ।

उद्धव प्रसाद खरेल
प्रमुख